**बैठक संख्याः १४/२०७८/०७९**

**मितिः २०७९/०२/१५**

**समयः बिहान ११:०० बजे**

**स्थानः भूमे गाउँ कार्यपालिकाको बैठक कक्ष**

भूमे गाउँपालिकाका अध्यक्ष श्री होम प्रकाश श्रेष्ठको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

**<u>उपस्थितिः</u>**

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | भूमे गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | भूमे गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | चन्द्रसिंह श्रेष्ठ | सचिव/ प्रमुख प्रशासकीय अधिकृत | भूमे गाउँ कार्यपालिकाको कार्यालय |

## मिति २०७९।०२।१५ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयको संक्षिप्त व्यहोरा

**प्रस्तावहरु:**

| प्रस्ताव नं. | प्रस्तावहरु | अध्यक्षबाट प्रस्ताव स्वीकृत मिति | कै |
|---|---|---|---|
| १ | अघिल्लो महिनाको आय व्ययको छलफल सम्बन्धमा | | |
| २ | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा | | |
| ३ | सार्वजनिक सेवा प्रवाह समीक्षा सम्बन्धमा | | |
| ४ | प्रवक्ता तोक्ने सम्बन्धमा | | |
| ५ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन सम्बन्धमा | | |
| ६ | विषयगत समितिहरुको गठन सम्बन्धमा | | |
| ७ | सभा अन्तर्गतका समितिहरुको गठन सम्बन्धमा | | |
| ८ | स्थानीय राजस्व परामर्श समिति गठन सम्बन्धमा | | |
| ९ | बजेट तथा तर्जुमा समिति गठन सम्बन्धमा | | |
| १० | स्थानीय विपद व्यवस्थापन समिति गठन सम्बन्धमा | | |
| ११ | न्यायिक समिति समिति गठन सम्बन्धमा | | |
| १२ | गाउँपालिका शिक्षा समिति गठन सम्बन्धमा | | |
| १३ | स्थानीय उद्योग प्रवर्द्धन समिति गठन सम्बन्धमा | | |
| १४ | अनुगमन तथा सुपरीवेक्षण समिति गठन सम्बन्धमा | | |
| १५ | उपभोक्ता हित संरक्षण समिति गठन सम्बन्धमा | | |
| १६ | अपाङ्गता परिचयपत्र वितरण समन्वय समिति गठन सम्बन्धमा | | |
| १७ | स्थानीय दर रेट निर्धारण समिति गठन सम्बन्धमा | | |
| १८ | सूचना प्रकाशन खर्च भुक्तानी सम्बन्धमा | | |
| १९ | खेलमैदान पूर्वाधार निर्माण सम्झौता सम्बन्धमा | | |
| २० | सामुदायिक पुस्तकालयहरुलाई सहयोग कार्यक्रम सम्झौता सम्बन्धमा | | |
| २१ | सडक मर्मत भुक्तानी सम्बन्धमा | | |
| २२ | ठेक्का आयोजनामा बचत रकम कार्यान्वयन सम्बन्धमा | | |
| २३ | प्रधानमन्त्री रोजगार कार्यक्रम आयोजना छनौट तथा कार्यान्वयन सम्बन्धमा | | |
| २४ | स्थानीय बिदा सम्बन्धमा | | |
| २५ | भूमे पर्वको अवसरमा सांस्कृतिक प्रतियोगिता सम्बन्धमा | | |
| २६ | विपदबाट क्षति भएका संरचनाहरुको मर्मत सम्बन्धमा | | |
| २७ | निर्मित सार्जनिक सम्पत्तिको मर्मत सम्भार सम्बन्धमा | | |
| २८ | भैपरी खर्च भुक्तानी सम्बन्धमा | | |
| २९ | राष्ट्रिय भूमि आयोगसँगको कार्य सहमति पत्र कार्यान्वयन सम्बन्धमा | | |
| ३० | भूमे गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ संशोधन सम्बन्धमा | | |
| ३१ | कृषि उपज संकलन तथा बजारीकरणका लागि खरिद गरिएको गाडी हस्तान्तरण सम्बन्धमा | | |
| ३२ | एम्बुलेन्स हस्तान्तरण सम्बन्धमा | | |

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

२०७९।०२।१५

प्रमुख प्रशासकीय अधिकृत

## भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०७९।०२।१५ को बैठकको निर्णय

**निर्णय नं. १:**

गाउँपालिकाको चालु आर्थिक वर्षको बैशाख मसान्त अवधिसम्मको आय र व्ययको अवस्थामाथि देहाय बमोजिम छलफल तथा समीक्षा गरियो।

तपसिल

| आय | | | | |
|---|---|---|---|---|
| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
| संघीय सरकार | ३५,५०,७२,००० | ३४,४४,७७,२५० | ९७.०२ | १,०५,९४,७५० |
| १३३११ समानिकरण अनुदान | ११,४२,००,००० | ११,४२,००,००० | १०० | ० |
| १३३१२ शसर्त अनुदान चालु | १८,०८,७२,००० | १७,२१,२७,२५० | ९५.१७ | ८७,४४,७५० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ३,६८,००,००० | ३,४९,५०,००० | ९४.९७ | १८,५०,००० |
| १३३१४ विषेश अनुदान चालु | ६६,००,००० | ६६,००,००० | १०० | ० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,६६,००,००० | १,६६,००,००० | १०० | ० |
| प्रदेश सरकार | ३,४९,१४,००० | १,८७,९९,५०० | ५३.८५ | १,६१,१४,५०० |
| १३३११ समानिकरण अनुदान | ५३,७०,००० | ४०,२७,५०० | ७५ | १३,४२,५०० |
| १३३१२ शसर्त अनुदान चालु | ८५,४४,००० | ४२,७२,००० | ५० | ४२,७२,००० |
| १३३१४ विषेश अनुदान चालु | ६०,००,००० | ३०,००,००० | ५० | ३०,००,००० |
| १३३१६ समपुरक अनुदान चालु | १,५०,००,००० | ७५,००,००० | ५० | ७५,००,००० |
| राजस्व बाडफाड | ८,२९,५२,७३०.३५ | ५,४८,४५,०००.४० | ६६.१२ | २,८१,०७,७२९.९५ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ३,८४,८०,५०० | ३,८९,६५,१४५.४० | १०१.२६ | (४,८४,६४५.४०) |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ३,८४,८०,५०० | १,१६,३४,५८१.१९ | ३०.२४ | २,६८,४५,९१८.८१ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ५९,९१,७३०.३५ | ४२,४५,२७३.८१ | ७०.८४ | १७,४६,४५६.५४ |
| अन्तरिक श्रोत | ४,७३,६४,४३२.६५ | ३,६३,७२,७३२.१५ | ७६.७९ | १,०९,९१,७००.५० |
| जनसहभागिता | ५८,३७,००० | २७,५१,७०० | ४७.१४ | ३०,८५,३०० |
| १३४१२ अन्य व्यक्तिगत आन्तरिक अनुदान | ५८,३७,००० | २७,५१,७०० | ४७.१४ | ३०,८५,३०० |
| जम्मा | ५२,६१,४०,१६३ | ४५,७२,४६,१८२.५५ | ८६.९ | ६,८८,९३,९८०.४५ |
| व्यय | | | | |
| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
| चालु | ३०,५०,०९,६८३ | १७,८८,२१,२०९.०६ | ५८.६३ | १२,६१,८८,४७३.९४ |
| पूंजीगत | २२,०८,३०,४८० | ८,५२,२०,८७०.९६ | ३८.५९ | १३,५६,०९,६०९.०४ |
| जम्मा | ५२,६१,४०,१६३ | २६,४०,४२,०८०.०२ | ५०.१८ | २६,२०,९८,०८२.९८ |

**निर्णय नं. २:**

अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका विषयमा समीक्षा गर्दा सबै निर्णयहरु कार्यान्वयन भएको निश्कर्ष निकालियो।

**निर्णय नं. ३:**

गाउँपालिका अन्तर्गतका विषयगत शाखा र वडा कार्यालयहरुको बैशाख महिनाको सेवा प्रवाहको समीक्षा गर्दा सन्तोष जनक रहेको निश्कर्ष निकालियो।

**निर्णय नं. ४:**

पालिकाबाट सम्पादन भएका कार्यको जानकारी दिन तथा कार्यपालिकाको निर्णय तथा कार्यान्वयनको आधिकारिक जानकारी दिन कार्यपालिका सदस्य श्री नारायण पुनलाई प्रवक्ता तोक्ने निर्णय गरियो।

**निर्णय नं. ५:**

पालिकालाई प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न देहाय बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने निर्णय सर्वसम्मतिले गरियो:

**तपिसल**

(क) अध्यक्ष श्री होम प्रकाश श्रेष्ठ - संयोजक
(ख) उपाध्यक्ष श्री सविना बुढा – सदस्य
(ग) अध्यक्षले तोकेको कार्यपालिका सदस्य श्री विनोद बुढा - सदस्य
(घ) महिला सदस्यहरुकोतर्फबाट श्री दिलपुरा पुन - सदस्य
(ङ) दलित सदस्यतर्फबाट श्री भागिलाल दमाई - सदस्य
(च) कार्यपालिका सदस्य श्री मनकाजी पुन मगर – सदस्य
(छ) कार्यपालिका सदस्य श्री दिनेश रोका – सदस्य
(ज) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

**निर्णय नं. ६:**

विषयगत शाखाबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका आयोजना तथा कार्यक्रमलाई विषय क्षेत्रगत रुपमा छलफल, विश्लेषण र प्राथमिकता निर्धारण गरी पेश गर्न देहाय बमोजिमका विषयगत समितिहरु गठन गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

तपसिल

**१) आर्थिक विकास समिति**
(क) कार्यपालिका सदस्य श्री नारायण पुन – संयोजक
(ख) कार्यपालिका सदस्य श्री भिमला वि.क. – सदस्य
(ग) कार्यपालिका सदस्य श्री संगम रोका – सदस्य
(घ) कृषि प्रसार अधिकृत – सदस्य सचिव

**२) सामाजिक विकास समिति**
(क) कार्यपालिका सदस्य श्री टेक प्रसाद बुढा – संयोजक
(ख) कार्यपालिका सदस्य श्री जित बहादुर कामी – सदस्य
(ग) कार्यपालिका सदस्य श्री दिनेश रोका – सदस्य
(घ) सामाजिक विकास शाखा प्रमुख – सदस्य सचिव

**३) पूर्वाधार विकास समिति**
(क) कार्यपालिका सदस्य श्री विनोद बुढा – संयोजक
(ख) कार्यपालिका सदस्य श्री फोमली बुढा – सदस्य
(ग) कार्यपालिका सदस्य श्री श्याम प्रसाद बुढा – सदस्य
(घ) पूर्वाधार विकास शाखा प्रमुख – सदस्य सचिव

**४) वातावरण तथा विपद् व्यवस्थापन समिति**
(क) कार्यपालिका सदस्य श्री पर्शुराम बुढा – संयोजक
(ख) कार्यपालिका सदस्य श्री भागिलाल दमाई – सदस्य
(ग) कार्यपालिका सदस्य श्री भिमला वि.क. – सदस्य
(घ) वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन इकाई प्रमुख – सदस्य सचिव

५) संस्थागत विकास र सुशासन समिति

(क) कार्यपालिका सदस्य श्री सुनकुमारी रोका – संयोजक

(ख) कार्यपालिका सदस्य श्री भारती नेपाली – सदस्य

(ग) कार्यपालिका सदस्य श्री विक्रम पुन मगर – सदस्य

(घ) प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख – सदस्य सचिव

निर्णय नं. ७:

स्थानीय सरकारलाई सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, स्थानीय सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह समेत दिनका लागि सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य सङ्ख्या, महिला, दलित, आदिवासी-जनजाति, मधेशी, थारु, मुस्लिम, खस-आर्य तथा अन्य समुदायको समानुपातिक प्रतिनिधित्व समेत हुने गरी देहाय बमोजिमका समितिहरु गठन गर्ने गाउँ सभा बैठकमा प्रस्ताव पेश गर्ने निर्णय सर्वसम्मत रुपमा गरियोः

१) लेखा समिति

(क) श्री गणेश बहादुर बुढा – संयोजक

(ख) श्री बसन्त नेपाली – सदस्य

(ग) श्री मनकुमारी नेपाली – सदस्य

(घ) श्री मनकुमार बुढा – सदस्य

(ङ) श्री निम कुमारी सुनार – सदस्य

२) विधायन समिति

(क) श्री रकम पुन – संयोजक

(ख) श्री गण बहादुर पुन – सदस्य

(ग) श्री हिमाल वि.एम. – सदस्य

(घ) श्री सुनिता पुन – सदस्य

(ङ) श्री अनिता कामी - सदस्य

३) योजना तथा सुशासन समिति

(क) श्री रुजी रोका – संयोजक

(ख) श्री सिता कामी – सदस्य

(ग) श्री राजकुमार बुढा – सदस्य

(घ) श्री लेखन बुढा – सदस्य

(ङ) श्री आइत बहादुर वली – सदस्य

निर्णय नं. ८:

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानूनको अधीनमा रही आफ्नो कार्यक्षेत्रभित्र परिचालन गर्न सक्ने राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने प्रयोगनका लगि देहाय बमोजिमको स्थानीय राजस्व परामर्श समिति गठन गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

तपसिल

(क) उपाध्यक्ष श्री सविना बुढा – संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) कार्यपालिका सदस्य महिला श्री भारती नेपाली – सदस्य

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
... रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

(घ) कार्यपालिका सदस्य श्री दिनेश रोका – सदस्य
(ङ) उद्योग वाणिज्य संघको प्रतिनिधि – सदस्य
(च) घरेलु तथा साना उद्योग संस्थाको अध्यक्ष/प्रतिनिधि – सदस्य
(छ) राजस्व हेर्ने कर्मचारी – सदस्य सचिव

**निर्णय नं. ९:**

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट निर्धारण भएको राजस्वको प्रक्षेपण, वितरणको खाका र बजेट सीमामा आधारित पालिकाको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न देहाय बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने निर्णय सर्वसम्मतिले गरियोः

**तपसिल**

(क) उपाध्यक्ष श्री सविना बुढा – संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य
(ग) आर्थिक विकास समितिका संयोजक श्री नारायण पुन – सदस्य
(घ) सामाजिक विकास समितिका संयोजक श्री टेक प्रसाद बुढा – सदस्य
(ङ) पूर्वाधार विकास समितिका संयोजक श्री विनोद बुढा – सदस्य
(च) वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक श्री पर्शुराम बुढा – सदस्य
(छ) संस्थागत विकास तथा सुशासन समितिका संयोजक श्री सुनकुमारी रोका – सदस्य
(ज) घरेलु तथा साना उद्योग संस्थाको अध्यक्ष/प्रतिनिधि – सदस्य
(झ) प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख – सदस्य सचिव

**निर्णय नं. १०:**

विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम तपसिल बमोजिमको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्ने निर्णय सर्वसम्मत रुपमा गरियोः

(क) अध्यक्ष श्री होम प्रकाश श्रेष्ठ - संयोजक
(ख) उपाध्यक्ष श्री सविना बुढा – सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य
(घ) आर्थिक विकास समितिका संयोजक श्री नारायण पुन - सदस्य
(ङ) सामाजिक विकास समितिका संयोजक श्री टेक प्रसाद बुढा – सदस्य
(च) पूर्वाधार विकास समितिका संयोजक श्री विनोद बुढा – सदस्य
(छ) वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक श्री पर्शुराम बुढा – सदस्य
(ज) जिल्ला प्रशासन कार्यालय, रुकुम (पूर्व)का प्रतिनिधि – सदस्य
(झ) पालिकाभित्र रहेको संघीय तथा प्रादेशिक सुरक्षा निकायका प्रमुख/प्रतिनिधि – सदस्य
(ञ) नेपाल कम्युनिष्ट पार्टी एमाले भूमे गाउपालिका प्रमुख/प्रतिनिधि – सदस्य
(ट) नेपाली कांग्रेस, भूमे गाउँपालिका सभापति/प्रतिनिधि – सदस्य
(ठ) नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) भूमे गाउँपालिका प्रमुख/प्रतिनिधि – सदस्य
(ड) नेपाल रेडक्रस सोसाइटीका स्थानीय प्रतिनिधि – सदस्य
(ढ) उद्योग वाणिज्य संघका प्रतिनिधि – सदस्य
(ण) गैरसरकारी संस्थाको तर्फबाट विपद् व्यवस्थापन सम्बन्धी काम गर्ने संस्थाको प्रतिनिधि – सदस्य
(त) नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि – सदस्य
(थ) विपद् व्यवस्थापन हेर्ने शाखा/इकाई प्रमुख – सदस्य सचिव

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ११:**

न्यायिक समितिले प्रचलित कानून बमोजिम उजुरीको कारबाही र किनारा देहाय बमोजिमको न्यायिक समिति गठन गर्न सभाको बैठकमा प्रस्ताव पेश गर्ने निर्णय सर्वसम्मतिले गरियोः

तपसिल

(क) श्री सविना बुढा – संयोजक
(ख) श्री भागिलाल दमाई – सदस्य
(ग) श्री कुमार पुन – सदस्य

**निर्णय नं. १२:**

आधारभूत तथा माद्यामिक तह शिक्षा सम्बन्धी आवश्यक व्यवस्थापन, नियमन तथा सहजीकरण गर्न भूमे गाउँपालिकाको शिक्षा नियमावली, २०७४ को नियम २४ बमोजिम देहाय बमोजिमको गाउँपालिका शिक्षा समिति गठन गर्ने निर्णय सर्वसम्मत रुपमा गरियोः

तपसिल

(क) अध्यक्ष श्री होम प्रकाश श्रेष्ठ - संयोजक
(ख) कार्यपालिकाका सदस्य श्री टेक प्रसाद बुढा – सदस्य
(ग) कार्यपालिकाका सदस्य श्री संगम रोका – सदस्य
(घ) कार्यपालिकाका सदस्य श्री भिमला वि.क. – सदस्य
(ङ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य
(च) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरुमध्येबाट समितिले तोकेको एक जना प्रधानाध्यापक - सदस्य
(छ) संस्थागत विद्यालयहरुको प्रतिनिधिमूलक संस्थामध्येबाट अध्यक्षले तोकेको एक जना प्रतिनिधि – सदस्य
(ज) गाउँपालिकास्तरीय अभिभावक संघतर्फबाट अध्यक्षले तोकेको एक जना प्रतिनिधि – सदस्य
(झ) शिक्षा, यूवा तथा खेलकूद शाखा प्रमुख – सदस्य सचिव

**निर्णय नं. १३:**

पालिकामा निजी क्षेत्रलाई आकर्षण गर्न तथा लघु, घरेलु तथा साना उद्योग सम्बन्धी सेवा प्रवाहलाई सरल र पारदर्शी बनाउन समन्वायत्मक भूमिकाका लागि देहाय बमोजिमको पालिकास्तरीय उद्योग प्रवर्द्धन समितिको गठन गर्ने निर्णय सर्वसम्मतिले गरियोः

तपसिल

(क) अध्यक्ष श्री होम प्रकाश श्रेष्ठ – संयोजक
(ख) कार्यपालिकाका महिला सदस्य श्री भारती नेपाली – सदस्य
(ग) कार्यपालिकाका सदस्य श्री विक्रम पुन मगर – सदस्य
(घ) स्थानीय उद्यमी महिलाकातर्फबाट कार्यपालिकाले मनोनियन गर्ने
(ङ) स्थानीय उद्यमी कार्यापालिकाले मनोनयन गर्ने
(च) जिल्ला घरेलु तथा साना उद्योग कार्यालय/समितिका प्रमुख – सदस्य
(छ) उद्यम हेर्ने शाखा/इकाई प्रमुख – सदस्य सचिव

**निर्णय नं. १४:**

स्थानीय तहमा सञ्चालित आयोजना तथा कार्यक्रमको लागत, परिमाण, समय सीमा र गुणस्तरको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनका लागि देहाय बमोजिमको पालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्ने निर्णय सर्वसम्मतिले गरियो।

तपसिल

(क) उपाध्यक्ष श्री सविना बुढा – संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

(ग) अध्यक्षले तोकेको महिला कार्यपालिका सदस्य श्री फोमली बुढा – सदस्य

(घ) अध्यक्षले तोकेको कार्यपालिका सदस्य श्री पर्शुराम बुढा – सदस्य

(ङ) प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख – सदस्य सचिव

साथै, वडाभित्र सञ्चालित आयोजनाको लागत, परिमाण, समयसीमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिन सबै वडामा मिति २०७९ जेठ २५ गतेभित्रमा वडास्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी सोको जानकारी गाउँ कार्यपालिकाको कार्यालयलाई दिने:

(क) सम्बन्धित वडाको वडा अध्यक्ष – संयोजक

(ख) वडा सदस्यहरु - सदस्य

(ग) वडा सचिव – सदस्य सचिव

__निर्णय नं. १५:__

उपभोक्ताको स्वास्थ्य, छनौटको अधिकार, सुविधा र आर्थिक हितलाई कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, वस्तु वा सेवाको उत्पादन स्थल वा भन्सार बिन्दु, ढुवानी मार्ग, भण्डारण तथा सञ्चय स्थल, थोक तथा खुद्रा बिक्री स्थल र उपभोग स्थल लगायतका ठाउँहरुमा वस्तु वा सेवा प्रदायक वा बिक्रेताको व्यवसायिक कारोबारको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको नियमन गर्न तत्काल स्थानीय तहबाट नियमित रुपमा प्रभावकारी बजार अनुगमन गर्नुपर्ने भएकाले देहाय बमोजिमको स्थानीय उपभोक्ता हित संरक्षण समितिको गठन गर्ने निर्णय सर्वसम्मतले गरियो:

__तपसिल__

(क) उपाध्यक्ष श्री सविना बुढा – संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) आर्थिक विकास समितिका संयोजक श्री संगम रोका – सदस्य

(घ) इप्रका काँक्री इन्चार्ज/प्रतिनिधि– सदस्य

(ङ) खाद्य, गुणस्तर, औषधी/जनस्वास्थ्य/उद्योग वाणिज्य हेर्ने कार्यालय/शाखाका प्रतिनिधि – सदस्य

(च) उद्योग वाणिज्य संघको प्रतिनिधि – सदस्य

(छ) उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा व्यक्तिहरुमध्येबाट एक जना सदस्य

(ज) स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

__निर्णय नं. १६:__

भूमे गाँउपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ को दफा ६ बमोजिम देहायको अपाङ्गता परिचयपत्र वितरण समन्वय समिति गठन गर्ने निर्णय गरियो:

__तपसिल__

(क) उपाध्यक्ष श्री सविना बुढा - संयोजक

(ख) महिला सदस्य मध्येबाट बरमाया कामी - सदस्य

(ग) गाउँपालिकाभित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक मध्येबाट अध्यक्षले तोकेको व्यक्ति - सदस्य

(घ) अध्यक्षले तोकेको स्थानीय स्वास्थ्य चौकी वा अस्पतालको चिकित्सक/स्वास्थ्यकर्मी - सदस्य

(ड.) स्थानीय प्रहरी कार्यालयको प्रमुख - सदस्य

(च) अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरु मध्येबाट गाउँपालिकाको अध्यक्षले मनोनित गरेको संस्थाको प्रतिनिधि - सदस्य

(छ) गाउँपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरु मध्येबाट समन्वय समितिले मनोनयन गरेको एक जना महिला सदस्य सहित तीन जना - सदस्य

(ज) नेपाल सरकार र प्रदेश सरकारका स्थानीय स्तरमा रहेका सम्बन्धित विषय हेर्ने कार्यालयको कार्यालय प्रमुख - सदस्य

**निर्णय नं. १७:**

गाउँपालिकाले आफ्नो क्षेत्रभर वा कुनै भागमा छुट्टै लागू हुने गरी निर्माण सामग्री र ढुवानीको दर रेट, मेसिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न भूमे गाउँपालिकाको सार्जनिक खरिद नियमावली, २०७५ को नियम १५८ बमोजिम देहाय बमोजिमको स्थानीय दर रेट निर्धारण समिति गठन गर्ने निर्णय गरियो:

**तपसिल**

(क) अध्यक्ष श्री होम प्रकाश श्रेष्ठ - संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ग) कोष तथा लेखा नियन्त्रक कार्यालय रुकुम (पूर्व)का प्रतिनिधि – सदस्य
(घ) कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य श्री नारायण पुन – सदस्य
(ङ) निर्माण व्यवसायी महासंघका प्रतिनिधि – सदस्य
(च) उद्योग वाणिज्य संघका प्रतिनिधि – सदस्य
(छ) पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख – सदस्य सचिव

**निर्णय नं. १८:**

भूमे गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत योजना कार्यान्वयनका लागि सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम बोलपत्र आव्हानको सूचना प्रकाशन गर्न सम्बन्धित आयोजनामा छुट्याइएको कन्टिन्जेन्सी रकमबाट नपुग भई भुक्तानी हुन बाँकी रहेकोले सूचना प्रकाशन वापतको रकम सम्बन्धित आयोजनाको ठेक्का बोलकबोल घटाघटबाट बचत भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. १९:**

प्रदेश सरकार, सामाजिक विकास डिभिजन कार्यालय तुलसीपुर दाङको च.नं. ४१८ मिति २०७८।१२।३० मा प्रकाशित खेलकूद संरचना तथा खेलमैदानको पूर्वाधार निर्माण (रङ्गशाला/खेलमैदान) कार्यक्रमको सम्झौताका लागि सूचना बमोजिम खेलमैदान पूर्वाधार निर्माणका लागि भूमे गाउँपालिका रुकुम (पूर्व) छनौट भई रु. १०,००,०००।– (दश लाख मात्र) विनियोजन भएकाले सूचना बमोजिम सम्झौता गरी सार्वजनिक खरिद नियमावली अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. २०:**

प्रदेश सरकार, सामाजिक विकास डिभिजन कार्यालय तुलसीपुर दाङबाट मिति २०७८।१२।३० मा प्रकाशित सामुदायिक पुस्तकालयहरुलाई सहयोग कार्यक्रमको सम्झौताका लागि सूचना बमोजिम भूमे गाउँपालिका रुकुम (पूर्व) को पुस्तकालय छनौट भई रु. १,००,०००।– (एक लाख मात्र) विनियोजन भएकाले स्वीकृत लागत अनुमान बमोजिम साझेदारी समेत गर्ने गरी उक्त रकमबाट पुस्तकालयका लागि पुस्तक मात्र खरिद गर्ने गरी सम्झौता गरी सोही बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. २१:**

स्थानीय तह निर्वाचन २०७९ कार्यक्रम अन्तर्गत मतदान केन्द्रमा पुग्न तथा मतपेटिका ढुवानी गर्न कठिन भएकोले मर्मत गरिएको तपसिल बमोजिमको सडक मर्मत वापतको रकम भुक्तानी गर्ने निर्णय गरियो।

**तपसिल**

| क्र.सं. | मर्मत गरिएको सडकको नाम | भुक्तानी हुनुपर्ने रकम | निर्माण व्यवसायीको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | जितखोला सिमा झुम्लाबाङ सडक मर्मत | ९७,७५९।- | एम.बि.ग्रुप प्रा.लि. सिस्ने गा.पा. ६ रुकुमकोट | |

**निर्णय नं. २२:**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

स्रोततर्फ बचत रहेको रकमबाट सम्बन्धित आयोजनामा दोहोरो नपर्ने गरी तपसिल बमोजिम आयोजना कार्यान्वयन सार्वजनिक खरिद ऐन बमोजिमको विधिबाट कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | आयोजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | धर्मशाला लाबाङ भित्रवन चुनबाङ सडक | रु. ४४७०६६ | ग्याबिन तथा स्तरोन्नति |
| २ | धर्मशाला खुङ मालुवा झारखुम सडक | रु. ६१७३८२ | " |
| ३ | झुम्लाबाङ ठूलो गाउँ सडक निर्माण | रु. ५३४४०४ | " |
| ४ | साकिम सेराबाङ नरमपानी नाखा सडक | रु. ३५४५१५ | " |
| ५ | सिमा झुम्लाबाङ क्याङ्सी गाबाङ काँक्री सडक | रु. ९६२१७७ | " |
| ६ | दोमही गानापानी मजबाङ सडक | रु. ५५३०६९ | " |

**निर्णय नं. २३:**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आयोजना छनौट गरी बेरोजगार व्यक्तिहरुलाई रोजगारी दिन रु. १२३७०००।- थप बजेट प्राप्त भएको र कार्यविधि बमोजिम १०० दिन रोजगारी सम्भव नभएकाले न्यूनतम् १०० दिन रोजगार पाइसकेका बाहेक बेरोजगार सूचीभित्रका २०१ जना व्यक्तिलाई नै रोजगारीको अवसर दिने गरी सम्बन्धित वडा समितिले आयोजना छनौट गरी कार्यान्वयनका लागि तपसिल बमोजिमको बजेट विनियोजन गर्ने निर्णय गरियोः

**तपसिल**

| वडा नं. | बेरोजगार व्यक्तिहरुको संख्या | १०० दिन काम गरेका बेरोजगार व्यक्तिहरुको संख्या | रोजगारी पाउन बाँकी बेरोजगार संख्या | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | २४ | ४ | २० | १२३००० | |
| २ | २० | ५ | १५ | ९२००० | |
| ३ | ६० | २२ | ३८ | २३४००० | |
| ४ | १७ | ५ | १२ | ७४००० | |
| ५ | १५ | ५ | १० | ६२००० | |
| ६ | २१ | ८ | १३ | ८०००० | |
| ७ | २१ | ३ | १८ | १११००० | |
| ८ | ३८ | १५ | २३ | १४२००० | |
| ९ | ६९ | १७ | ५२ | ३१९००० | |
| | २८५ | ८४ | २०१ | १२३७००० | |

**निर्णय नं. २४:**

भूमे गाउँपालिकाको विशेष पर्व भूम्या पर्वको अवसरमा स्थानीय भाषा संस्कृति संरक्षण, संवर्द्धन, पुस्तान्तरण र प्रचारप्रसारका लागि चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रममा संस्कृतिक प्रवर्द्धन कार्यक्रम शीर्षकमा विनियोजित रकम रु. १२०००००।– बाट विभिन्न बिधामा प्रतियोगिताहरु सञ्चालन गर्न लागत अनुमान स्वीकृत गरी प्रतियोगिता सञ्चालन मिति २०७९ असार २ गतेदेखि सञ्चालन गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो।

**तपसिल**

| क्र.सं. | क्रियाकलाप विवरण | स्वीकृत सीमा | कैफियत |
|---|---|---|---|
| १ | कार्यक्रम व्यवस्थापन | ३३०००० | |
| २ | कार्यक्रम सञ्चालन | | |
| २.१ | प्रथम पुरस्कार खर्च (भूमे, ढङ्गे/नचारु, मयुर, फाँक, पैसेरु, झोरेल्नी) | ३१५००० | |
| २.२ | दोस्रो पुरस्कार "      " | २१५००० | |
| २.३ | तेस्रो पुरस्कार "      " | १३०००० | |

| | | | |
|---|---|---|---|
| २.५ | प्रतियोगिता मूल्याङ्कन खर्च | ६०००० | |
| | | १५००० | |
| | जम्मा | ७२०००० | |
| ३ | विविध खर्च | | |
| ३.१ | सरोकारवाला अनुगमन/मूल्याङ्कन खर्च | – | |
| ३.२ | सामाजिक/सार्वजनिक परीक्षण खर्च | १०००० | |
| ३.३ | प्रतिवेदन लेखन तथा लेखा व्यवस्थापन खर्च | ३००० | |
| ३.४ | यातायात व्यवस्थापन खर्च | २००० | |
| ३.५ | डक्युमेन्ट्री निर्माण | ४०००० | |
| | | १५०००० | विविध सेवा परामर्श खरिदबाट रु. १००००० |
| ३.६ | अन्य खर्च | | |
| | | | |
| | जम्मा | २५०००० | |

प्रतियोगिता सञ्चालन गर्दा प्रदान गरिने पुरस्कारको न्यूनतम् राशी (२५ प्रतिशत कर सहित) देहाय बमोजिम हुनुपर्नेछः

| सांस्कृतिक प्रतियोगिता | प्रथम | दोस्रो | तेस्रो | सान्त्वना |
|---|---|---|---|---|
| भूमे नाच | १००००० | ७५००० | ५०००० | २०००० |
| ढोंगे/नचारु | ७५००० | ५०००० | ३०००० | १५००० |
| मयुर नाच | ५०००० | ३०००० | २०००० | १०००० |
| पैसेरु नाच | ३०००० | २०००० | १०००० | ५००० |
| फाँक नाच | ३०००० | २०००० | १०००० | ५००० |
| झोरेल्नी नाच | ३०००० | २०००० | १०००० | ५००० |

दर्ता शुल्क सम्बन्धी शर्तहरुः प्रतियोगीहरुलाई व्यवस्थित ढङ्गले प्रतिस्पर्धा गराउन समूह दर्ता गर्नुपर्नेछ। दर्ता शुल्क वापत अधिकतम रु. ५००।– (पाँच सय रुपैयाँ) निर्धारण गरी दर्ता शुल्क वापतको आम्दानी गाउँपालिकाको राजस्व खातामा जम्मा गर्ने निर्णय ।

**निर्णय नं. २५:**

विभिन्न समयमा आएका हावाहुरीका कारण छाना उडाई क्षति भएका सिद्धचौर मावि लुकुम भवन, काँक्री क्वारेन्टाइन भवन, जनजाति संग्रहालय भवन, भेरिडाँडा संग्रहालय, सन्नी आधारभूत विद्यालय गलम्छिन्ने विद्यालय भवन तत्काल मर्मत गरी प्राविधिक बिल बमोजिमको रकम प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो।

**निर्णय नं. २६:**

भूमे गाउँपालिका अन्तर्गत निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार शीर्षकमा विनियोजित रकमबाट तपसिल बमोजिमको आयोजना मर्मत सम्भार गर्ने निर्णष गरियो:

| क्र.सं. | आयोजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | सूचना तथा अभिलेख केन्द्रको आगन्तुक कक्षको भुइँमा टायल छाप्ने | १२०००० | |
| २ | गाउँपालिका कार्यालय खानेपानी मुहान मर्मत तथा ट्याङ्की संरक्षण | ३१०००० | |

**निर्णय नं. २७:**

भूमे गाउँपालिका २०७८ श्रावण महिनादेखि चैत्र महिनासम्मको भैपरी खर्च खर्च स्वीकृत गरी भुक्तानी गर्ने निर्णय गरियो।

| क्र.सं. | वडा नं. कार्यालय | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं. १ को कार्यालय | भैपरी खर्च | रु. ४११८०।– | २०७८ श्रावणदेखि चैत्रसम्म |
| २ | वडा नं ९ को कार्यालय | भैपरी खर्च | रु. १७०८०।– | |

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खावाङवगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

२०७९/२/१८

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. २८:**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्नका लागि प्रचलित कानून बमोजिमको कार्य गर्न राष्ट्रिय भूमि आयोग र भूमे गाउँपालिका बीच मिति २०७८।१२।१० मा भएको कार्य सहमति पत्रका विषयमा कार्यपालिकामा छलफल गरी कार्यान्वयनका लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २९:**

भूमे गाउँपालिकाको सार्वजनिक खरिद (दोस्रो संशोधन) नियमावली, २०७९ स्वीकृत गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. ३०:**

भूमे गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम स्थानीय कृषि उपज संकलन तथा बजारीकरणका लागि कृषि एम्बुलेन्स सञ्चालन गर्न खरिद गरिएको चारपाङ्ग्रे गाडी स्थानीय उपज संकलन तथा बजारीकरण गर्ने गरी श्री मारिङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, भूमे – २, खाबाङबगर रुकुम (पूर्व) लाई हस्तान्तरण गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. ३१:**

चुनबाङ स्वास्थ्य चौकीका लागि खरिद गरिएको एम्बुलेन्स चुन्बाङ स्वास्थ्य चौकी व्यवस्थापन समितिले नै सञ्चालन तथा व्यवस्थापन गर्ने गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खावाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

धनसिंह केछ
प्रमुख प्रशासकीय अधिकृत